## कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २ मितिः २०७९।०५।०२

**भाग-२**

**कालिका गाउँपालिका**

### मिति २०७९ भादौ २ गते गाउँ कार्यपालिकाको बैठकबाट अधिकृत छैटौं श्री लिलानाथ नेपाललाइ अधिकृत सातौं तह पद कायम गरिएको सूचना

**प्रस्तावहरूः**

१. साविक स्थानिय निकायबाट अधिकृत छैठौं तहमा स्थायी नियुक्ती भै यस गाउँपालिकामा समायोजन भै कार्यरत कर्मचारी श्री लिलानाथ नेपाललाई सातौं तह कायम गरी नियुक्ती दिने सम्बन्धमा ।

**निर्णय**

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा **प्रस्ताव नं. १** माथि छलफल गर्दा वागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मा ज्युद्धारा मिति २०७९।०५।०१ गते जारी गरिएको **स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९"** को दफा ६(३) मा प्रदेशभित्र पर्ने साविक स्थानीय निकायको स्विकृत दरबन्दीमा स्थायी नियुक्ती भै स्थानीय तहको सोही तहको पदमा समायोजन भएका कर्मचारी यस अध्यादेश बमोजिमको माथिल्लो तहका लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता हाँसिल गरेका र यो अध्यादेश प्रारम्भ हुँदाको बखत पाँच वर्ष सेवा अवधि पुरा भएका कर्मचारीलाई एक तह माथिको पदमा कायम गरिनेछ भनी उल्लेख भएको व्यवस्था अनुसार साविक स्थानीय निकाय (जिल्ला विकास समिति रसुवा) द्धारा मिति २०६८।०७।१७ गते (नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह) अधिकृत छैटौं तह **कार्यक्रम अधिकृत** पदमा स्थायी नियुक्त भै समायोजन ऐन २०७५ बमोजिम २०७५।०१।१० देखि यस कालिका गाउँपालिकामा समान तह अर्थात अधिकृत छैठौं तहमा समायोजन भै कार्यरत अधिकृत श्री लिलानाथ नेपालको अध्यादेशमा उल्लेख भएको आवश्यक आधार/मापदण्ड पुरा भएको पाइएकोले हाल अधिकृत छैठौं तहमा कार्यरत अधिकृत श्री लिलानाथ नेपाललाई एक तह माथिको पद अधिकृत सातौं तहमा अध्यादेशको दफा २९(१) बमोजिम जेष्ठता कायम हुने गरी पद कायम गरी गाउँपालिकाको योजना तथा अनुगमन ईकाइको दरवन्दीमा पदस्थापन गर्ने र दफा ६(४) मा उल्लेखित निकायहरुमा जानकारी गराउने निर्णय गरियो ।

**प्रमाणीकरण मितिः** २०७९/०५/०२ **स्वीकृत मितिः** २०७९/०५/०२

आज्ञाले,

शितल वहादुर रावल

प्रमुख प्रशासकीय अधिकृत